# ताप्ली गाउँपालिकाको सार्वजनिक सवारी साधनको आम्दानी तथा खर्च व्यवस्थापन कार्यविधि २०८०

प्रस्तावना: यस ताप्ली गाउँपालिकाको स्विमत्वमा रहेको ह्याभी सवारीहरु नियमित र सन्तुलित तरिकाबाट सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी यस ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

क) यस कार्यविधिको नाम "**ताप्ली गाउँपालिकाको सार्वजनिक सवारी साधनको आम्दानी तथा खर्च व्यवस्थापन कार्यविधि २०८०**" रहेको छ।

ख) यो कार्यविधि ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वकीकृत भएको मिति देखि लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) कार्यविधि भन्नाले ताप्ली गाउँपालिकाको ताप्ली गाउँपालिकाको सार्वजनिक सवारी साधनको आम्दानी तथा खर्च व्यवस्थापन कार्यविधि २०८०लाई सम्झिनु पर्छ।

ख) गाउँपालिका भन्नाले यस ताप्ली गाउँपालिका सम्झनु पर्छ।

ग) कार्यपालिका भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

घ) अध्यक्ष भन्नाले यस ताप्ली गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

ङ) उपाध्यक्ष भन्नाले यस ताप्ली गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले यस ताप्ली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

छ) लेखा भन्नाले यस ताप्ली गाउँपालिकाको लेखा शाखा हेर्ने प्रमुख सम्झनु पर्छ।

ज) राजश्व शाखा भन्नाले गाउँपालिकाको राजश्व शाखा सम्झनु पर्छ।

झ) स्टोर भन्नाले यस ताप्ली गाउँपालिकाको स्टोर शाखा सम्झनु पर्छ।

ञ) सवारी भन्नाले यस ताप्ली गाउँपालिकाको स्वामित्वमा रहेको तपसिलका सवारी साधहरु सम्झनु पर्छ।

तपसिलः

सार्वजनिक बोलेरो १ थान

एम्बुलेन्स १ थान

कृषि एम्बुलेन्स २ थान

ट) चालक भन्नाले सवारी साधन चलाउन अनुमति दिइएको व्यक्ति सम्झनु पर्छ।

**परिच्छेद-२**

**सवारी सञ्चालनको लागि खाता सम्बन्धी व्यवस्था**

३. सवारीहरु सञ्चालन वापत हुने आम्दानी र खर्चको पारदर्शिता, मित्तव्ययीता र नियमितता कायम राख्नको लागि गाउँ पालिकालाई प्राप्त सुत्रमा आवद्ध खाता मध्ये उपयुक्त खाताको प्रयोग गरिनेछ। यस्तो खाताको व्यवस्थापन तथा संचालन गर्ने दायित्व प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाको हुनेछ।

४. उक्त खाताको सञ्चालन प्रचलित कानुन बमोजिम हुनेछ।

**परिच्छेद-३**

**आम्दानी सम्बन्धी व्यवस्था**

५. सवारी सञ्चालन कार्यविधिहरुमा व्यवस्था भए बमोजिमको आम्दानी प्राप्त गर्ने र त्यसलाई दफा ३ बमोजिमको खातामा जम्मा गर्ने कार्य राजश्व शाखाको हुनेछ।

६. सवारीलाई आवश्यक पर्ने टिकट उपलब्ध गराउने र सवारी बुक हुने वितिकै बुक गर्ने व्यक्तिको नाममा रसिद काट्ने जिम्मेवारी राजश्व शाखाको हुनेछ।

७. प्राप्त भएको राजश्व प्राप्त भएको भोलि पल्ट अनिवार्य रुपमा बैंकमा तोकिएको खातामा राजश्व शाखाले जम्मा गर्ने पर्नेछ।

८. यो कार्यविधि बन्नु भन्दा अगाडी भएको आम्दानी गाउँपालिकाको आन्तरिक लेखा परीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनको आधारमा हुनेछ। सोहि रकम तोकिएको खातामा आम्दानी बाँधिनेछ।

**परिच्छेद- ४**

**खर्च सम्बन्धी व्यवस्था**

९. सवारी सञ्चालन गर्दा हुन आउने इन्धन, मर्मत, चालकको पारिश्रमिक तथा विमा लगायतका सम्पुर्ण खर्च दफा ३ बमोजिमको खाताबाट मात्र गरिनेछ।

१०. खर्चको भुक्तानी प्रचलित कानुन बमोजिम हुनेछ।

११. यो कार्यविधि बन्नु भन्दा अगाडी भएको खर्च गाउँपालिकाको आन्तरिक लेखा परीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनको आधारमा हुनेछ।

## परिच्छेद- ५

## विविध

१२. बाधा अड्काउ फुकाउ: यस निर्देशिका बमोजिम सवारी सञ्चालन गर्दा कुनै विषयमा दुविधा वा बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले निर्णय गरेर बाधा अड्काउ फुकाउ गर्न सक्नेछ र सो निर्णय यसै कार्यविधिको अभिन्न अंग मानिनेछ।

१३. प्रचलित कानुन बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भए भन्दा बाहेकका कुनै पनि विषय प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

१४. कार्यविधि संशोधन: ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले यस कार्यविधिको संशोधन तथा थपघट गर्न सक्नेछ।

१५. खारेजी: ताप्ली गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि खारेजी गर्न सक्नेछ।